# १४१ औं कार्यपालिका वैठक

आज मिति २०८०।०६।१४ गतेका दिन यस पूर्वखोला गाउँ कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री नुन वहादुर थापा ज्यू को अध्यक्षता तथा अन्य पदाधिकारीहरुको उपस्थितीमा वसि विभिन्न विषयमा छलफल पश्चात निर्णय गरियो ।

**उपस्थिती**

| **सि.नं** | **नाम थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| **१** | श्री नुन वहादुर थापा | अध्यक्ष | |
| **२** | श्री भागिरथी शर्मा भट्राई | उपाध्यक्ष | |
| **३** | श्री सुन्दर प्रसाद श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| **४** | श्री मेहर सिं थापा | प्रवक्ता वडा अध्यक्ष वडा नं ४ | |
| **५** | श्री गिरमान आले | वडा अध्यक्ष वडा नं १ | |
| **६** | श्री निर वहादुर सारु | वडा अध्यक्ष वडा नं २ | |
| **७** | श्री कृष्ण प्रसाद भट्राई | वडा अध्यक्ष वडा नं ३ | |
| **८** | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं ५ | |
| **९** | श्री धन वहादुर दर्लामी | वडा अध्यक्ष वडा नं ६ | |
| **१०** | श्री भिमीसरा आले | का.पा सदस्य | |
| **११** | श्री देवीसरा गाहा | का.पा सदस्य | |
| **१२** | श्री ललिता दर्लामी | का.पा सदस्य | |
| **१३** | श्री राजु परियार | का.पा सदस्य | |
| **१४** | श्री रेवती घर्ती | का.पा सदस्य | |
| **१५** | श्री चन्द्र सिं वर्मेली | का.पा सदस्य | |

आमन्त्रित

१) श्री ..................................

२) श्री .................................

**प्रस्तावहरु :**

१) अघिल्लो वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा ।
२) भू उपयोग वर्गिकरण सम्वन्धमा ।
३) स्थानीय दररेट सम्वन्धमा ।
४) स्थानीय पाठ्यपुस्तक सम्वन्धमा ।
५) शिक्षण संस्थाको अनुगमन तथा वडा शिक्षा समिति सम्वन्धमा ।
६) गाउँपालिका शिक्षक अनुदान र प्रोत्साहन अनुदान सम्वन्धमा ।
७) उपभोक्ता समितिको तालिम संचालन सम्वन्धमा ।
८) साझेदारी कार्यक्रमको आर्थिक तथा प्राविधीक प्रस्ताव माग गर्ने सम्वन्धमा ।
९) पोषण मैत्री स्वास्थ्य संस्था घोषणा सम्वन्धमा ।
१०) वजार अनुगमन सम्वन्धमा ।
११) हेक्लाड रेडक्रसको भवन मर्मत सम्वन्धमा ।
१२) स्वास्थ्यकर्मी सूचिकृत गर्ने सम्वन्धमा ।
१३) संचार र इन्धन खर्च सम्वन्धमा ।
१४) विविध

**निर्णयहरु**

**प्रस्ताव नं १**

**१) गत वैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १** : मिति २०८०।०५।२५ गतेका दिन भएको गाउँ कार्यपालिकाको वैठकमा पेश गरिएका ३ वटा प्रस्ताव तथा सो को निर्णय र कार्यान्वयनको अवस्था वारे जानकारी भयो । गत वैठकमा निर्णय गरिएका सम्पूर्ण निर्ययहरु कार्यान्वयन भएको पाइयो ।

**प्रस्ताव नं २**

**२) भू उपयोग वर्गिकरण सम्वन्धमा ।**

**निर्णय नं २** : पूर्वखोला गाउँपालिकाको भू उपयोग वर्गिकरण सम्वन्धमा छलफल गर्दा हालसम्म भएका कार्यहरुलाई व्यवस्थित गरी अन्य आवश्यक प्रकृयाहरु पुरा गराउनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मादिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ३**

**३) स्थानीय दररेट सम्वन्धमा ।**

चालु आ.व ०८०।०८१ को लागि जिल्ला दररेट निर्धारण समितिले तय गरेका जिल्ला दररेटको वारेमा वैठकमा जानकारी गराइयो । सो दररेट अनुसार पूर्वखोला गाउँपालिकाले तयार गरेको ढुवानी रकममा हुने वृद्धिको विश्लेष्णात्मक विवरण इन्जिनियर श्री लक्ष्मण न्यौपानेद्धारा वैठकमा जानकारी गराइयो ।

**प्रस्ताव नं ४**

**४) स्थानीय पाठ्यपुस्तक सम्वन्धमा ।**

**निर्णय नं ४** : यस पूर्वखोला गाउँपालिकाको स्थानीय पाठ्यक्रम वमोजिम स्थानीय पाठ्यपुस्तक निर्माण कार्यदलले पाठ्यपुस्तक निर्माणको लागि अगाडी वढाइरहेको प्रगतीहरुको वारेमा वैठकमा जानकारी गराइयो

। पाठ्यपुस्तक निर्माणको क्रममा विषयवस्तु वनाउँदा विषय विज्ञ व्यक्ति आवश्यक पर्ने हुँदा पुस्तक डिजाइनर तथा फोटोविज्ञ व्यक्ति हायर गरी सो सम्वन्धमा कार्य गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्तव नं ५**

**५) शिक्षण संस्थाको अनुगमन सम्वन्धमा ।**

**निर्णय नं ५** : शिक्षण सिकाइ उपलव्धीलाई मध्यनजर राखि यस गाउँपालिका भित्रका विद्यालयहरुमा गाउँ शिक्षा समितिको पदाधिकारीहरु, विषय विज्ञका साथ वडा शिक्षा समितिको समन्वयमा विद्यालयहरुको सघन अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्ने गराउँने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्तव नं ६**

**६) गाउँपालिका शिक्षक अनुदान र प्रोत्साहन अनुदान सम्वन्धमा ।**

**निर्णय नं ६** : गाउँपालिका भित्र संचालित दरवन्दी कम भएका सामुदायिक विद्यालयहरुमा अध्यापन गर्ने गा.पा अनुदान शिक्षक (निजी) तथा न्यून पारिश्रमिक भएका शिक्षक तथा कर्मचारीहरुलाई आ.व २०८०।०८१ को शिक्षा तर्फको वार्षिक विनियोजित वजेट रकमवाट तपसिल वमोजिम अनुदान तथा प्रोत्साहन अनुदान बृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

**१) गा.पा अनुदान शिक्षक तर्फ**

| सि नं | अनुदान विवरण | विगतमा दिइएको अनुदान रकम | आ.व २०८०।०८१ मा दिइने अनुदान रकम |
|---|---|---|---|
| १ | वाल विकास शिक्षक अनुदान | ७००० | ८००० |
| २ | प्राथमिक शिक्षक (१–५) अनुदान | ९००० | १०००० |
| ३ | आधारभूत शिक्षक (६–८) अनुदान | १०००० | ११००० |
| ४ | माध्यमिक शिक्षक (९–१०) अनुदान | ११००० | १२००० |
| ५ | उ. मा शिक्षक (११–१२) अनुदान | २१००० | २२००० |

**२) प्रोत्साहन अनुदान तर्फ**

**१) गा.पा अनुदान शिक्षक तर्फ**

| सि नं | अनुदान विवरण | विगतमा दिइएको अनुदान रकम रु | आ.व २०८०।०८१ मा दिइने अनुदान रकम रु |
|---|---|---|---|
| १ | वाल विकास शिक्षक प्रोत्साहन अनुदान | ५००० | ७२०० |
| २ | विद्यालय सहयोगी प्रोत्साहन अनुदान | ३००० | ४००० |
| ३ | विद्यालय कर्मचारी प्रोत्साहन अनुदान | ३००० | ६००० |
| ४ | सामुदायिक सिकाइ केन्द्र परिचालिका | ३००० | ४००० |

**निर्णयहरु**

**प्रस्ताव नं ७**

**७) उपभोक्ता समितिको तालिम संचालन सम्वन्धमा ।**

**निर्णय नं ७** : यस गाउँपालिकाको चालु आ.व २०८०।०८१ को वार्षिक कार्यकम अनुसार गाउँपालिका भित्र विभिन्न विकास निर्माणको लागि गठन भएका उपभोक्ता समितिहरुको क्षमता विकास गर्नको लागि पालिका स्थित ६ वटै वडाहरुमा उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं ८**

**८) साझेदारी कार्यक्रमको आर्थिक तथा प्राविधीक प्रस्ताव माग गर्ने सम्वन्धमा ।**

**निर्णय नं ८ :** चालु आ.व २०८०।०८१ को लागि **पूर्वखोला कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको** लागि साझेदारी कार्यक्रम संचालन गर्नको लागि आशय पत्र माग भए वमोजिम पेश हुन आएका विभिन्न ३ वटा आशय पत्रहरुको वृस्तित अध्ययन गर्दा ३ वटै संस्थाहरुले सूचनामा माग गरे वमोजिमका कागजातहरु पेश गरी न्यूनतम योग्यता हासिल गरेको देखिएको हुँदा उक्त संस्थाहरुसंग वृस्तित आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं ९**

**९) पोषण मैत्री स्वास्थ्य संस्था घोषणा सम्वन्धमा ।**

**निर्णय नं ९** : यसै पूर्वखोला गाउँपालिका वडा नं ४ देविनगर स्थित देविनगर स्वास्थ्य चौकीको पोषण मैत्री सूचकहरु पुरा भएको हुंदा उक्त स्वास्थ्य चौकीलाई पोषण मैत्री स्वास्थ्य चौकी घोषणा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं १०**

**१०) वजार अनुगमन सम्वन्धमा ।**

**निर्णय नं १०** : आउँदै गरेको चाडपर्वहरुलाई मध्यनजर गरी उपभोक्ताहरुको हकहितको लागि पालिका भित्र रहेका वजारहरु (पसल, होटल आदी) को जिल्ला प्रशासन कार्यालयको सहयोगमा अनुगमन गर्ने गराउने साथै, म्याद नाघेका खाद्यसामाग्रीहरु किनवेच नगर्न नगराउनको लागि वडा समितिद्धारा उपभोक्ता तथा व्यापारीहरुलाई सचेत गराउने  सर्वसम्मवत निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं ११**

**११) हेक्लाड रेडकसको भवन मर्मत सम्वन्धमा ।**

**निर्णय नं ११ :** यसै गाउँपालिका वडा नं ६ हेक्लाड स्थित रेडकस भवनको मर्मत तथा रंगरोगनको लागि जम्मा रु १००००।००(दश हजार मात्र) उपलव्ध गराउने सर्वसम्मवत निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं १२**

**१२) स्वास्थ्यकर्मी सूचिकृत गर्ने सम्वन्धमा ।**

**निर्णय नं १२ :** यसै गाउँपालिका स्थित बिरकोट स्वास्थ्य चौकीमा कार्यरत सि अ.न.मी श्री प्रतिभा घर्तीलाई सुरक्षित गर्भपतन सेवा प्रदायक स्वास्थ्यकर्मीमा सूचीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं १३**

**१३) संचार र इन्धन खर्च सम्वन्धमा ।**

**निर्णय नं १३** : यसै गाउँपालिका स्थित विभिन्न स्वास्थ्य चौकीको नाममा रहेको सिमकार्डमा मासिक रु ५००।००( पाँच सय) संचार खर्च र प्रति महिना ३ ( तिन) लिटर पेट्रोल उपलव्ध गराउने सर्वसम्मवत निर्णय गरियो ।

**निर्णयहरु**

**प्रस्ताव नं १४**

**१४) विविध ।**

**निर्णय नं १४ :** यसै गाउँपालिका स्थित विभिन्न वडाहरुका व्यक्तिहरुवाट आर्थिक सहयोगको लागि निवेदन पेश गरे अनुसार तपसिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**तपसिल**

**क) व्यक्तिहरु**

| सि नं | निवेदकको नाम थर | ठेगाना | विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | दुर्गा वहादुर राना | वडा नं ५ बिरकोट | मृगौला पिडीत | ५००० |
| २ | पूर्णिमा सारु | वडा नं२ जल्पा | भिरवाट लडेको | ५००० |

**ख) संस्था**

| सि नं | निवेदक | ठेगाना | विवरण | रकम रु |
|---|---|---|---|---|
| १ | अनेरास्ववियु | जिल्ला समिति तानसेन पाल्पा | लुम्बिनी प्रदेश अधिवेशन सहयोग | १०००० |